# पुराना अमूल्य ग्रन्थ, ताडपत्र र कलात्मक वस्तुहरु संरक्षण गर्ने आदेश दिइएको एउटा ऐतिहासिक कागज

***देवीप्रसाद शर्मा कँडेल***

**परिचय**

कला कौशल र सांस्कृतिक सम्पदाले सम्पन्न नेपालमा कलात्मक मूर्तिहरु र हस्तलिखित अमूल्य ग्रन्थ एवं ताडपत्रको पर्याप्तता रहे तापनि वीसौं शताब्दीको तेस्रो दसकसम्म त्यस्ता वस्तुहरुको संरक्षण गर्न प्रभावकारी रुपमा औपचारिक कदम चालिएको उल्लेख पाइँदैन । संरक्षणको लागि कुनै कदम नचालिनुको कारण नेपालका प्राचीन मूल्यवान ग्रन्थ एवं कलाकृतिहरु धमाधम विदेशिदै थिए । नेपालका कला कृतिप्रति विदेशीहरु अत्यन्त आकर्षित भएको हुनाले त्यस्ता वस्तुहरुको उचित मूल्य तिरी खरिद गर्न उनीहरु हिचकिचाएनन् । नेपालीहरु त्यस्ता पुराना वस्तुहरुको बढी मूल्य पाईंनेहुँदा अति मूल्यवान वस्तु विक्री गर्न पनि पछि परेनन् । आर्थिक लाभका कारण नेपालीहरुले आफ्नो राष्ट्रिय अमूल्य सम्पत्ति लोप हुँदै गएको कुरा पनि बुझ्न सकेनन् । कलात्मक वस्तु, मूर्ति र प्राचीन ग्रन्थहरु सङ्कलन सम्बन्धमा निर्देशन दिइएको एउटा अप्रकाशित ऐतिहासिक कागजको उतार यहाँ प्रस्तुत गरिएको छः

**सवाल सनद**

*श्री नानी सुप्रदीप्त मान्येवर जनरल केशर शमशेर जङ्ग वहादुर राणाके ... उप्रान्त पुराना ताडपत्र लेषीयाका पुस्तकहरु पुराना हरयेक किसींको देवता र जनावरहरुको मूर्ति बनाई राषेको मालहरु देसतर्फ लगी विक्री गर्ने गरेको वेहोरा जाहेर हुँदा अवदेषी तेस्तो कीसींको माल पुस्तकहरु वीना हुकुंमर्जीले जान नदीनु भन्ये श्री ३ महाराज दाज्यैज्यूबाट हुकुं भै वक्सेको हुनाले हुकुं वक्सेको लेषीया वमोजीम् वेहोराको सनद पूर्जी गरी पठाइदिने काम् गर भन्ने ८६ साल माघ ३ गते १ छापे पुर्जी र हामीहरु को वेपारको निमित्त बनेको नञा क्यूरीयर्स माल गैह्र भंसार अड्डाले रोकी निकासी गर्न दीयेन भनी कालीगढहरुको उजुरीको वेहोरा श्री ३ महाराजका हजुरमा जाहेर हुदा विक्रीलाई हाल नञा वनेका माल निकासा गरी विक्री गर्न पाउछ... हाम्रो मुलुकमा बनेका र आइराषेको अघी अघीका पुराना राम्रा बढीञा कालीगढ भञाका काट् ढुंगा फटीक मुगा इत्यादीका माल र हातले लेषेको पुरानो तस्वीर... पुस्तकहरु सर्कारका इजाजत विना विदेशमा निकासी गरी लगी विक्री गर्न हुदैन. तेस्ता माल तस्वीर इत्यादी दनी वा वेचविषन गर्न मंसुवा हुदैन. तेस्ता माल तस्वीर इत्यादी दीन चाहनेले छाउनी म्यूजीम घरका अफिसर द्वारा श्री जनरल केशर शमशेर जंगवहादुर राणा कहा लगी देषाउन नीज जनरलले हेरी वुझी म्युजियममा राषन लयाक को माल रहेछ भने राषनालाई मोल तोकिदने छ. सो मोलमा दिने इच्छा भये मोल ली दिनू. इच्छा नभयामा माल फर्काइ आफैसंग राषनू. विदेशमा लैजान र लैजानेलाई दीन वेच वीषन गर्न हुदैन. नीज जनरलले हेर्दा निकासी गर्न या निकासी गर्नेलाई खिदनहुने ठहराय जती भने निकासी गर्न हुन्या. निकासी गर्नालाई भंसारले छोट पूर्जी गरी दिने छ भन्ने समेत हुकुं वक्सेकोले सो वारे सवै जनालाई थाहा दिन इश्तिहार स्मेत जानरी हुने भै जो चाहिने वेहोराको सनद पछी भै आउने छ. विक्री गर्न नीमित्त हाल नञा वनेका मालको हकलाई हुकुं वक्सेको माथी लेषीञा वमोजिम् श्री नानी सु मा न केशर शमशेर जंगवहादुर राणा... लाई देषाई नीज नानीले नीकासी गर्न हुंछ भनी लेषीञाकोमा माल जतीको नीकासी गर्नालाई अैन सवालको रीत पुऱ्याई छोड् पूर्जी गरीदीनु भंन्या फाल्गुण १३ गतेको स्मेत भंसार गोश्वाराका नाममा*

*गयेको पूर्जी र हाम्रा मुलुकमा वनेका र आइराषेका नेपाल चार भज्याङ्ग भीत्र रहेका पूराना राम्रा वढीया [illegible] कामकारी भयाका धातु, काठ ढुङ्गाको फटीक मुगा इत्यादीको माल तस्वीर पुस्तक ताडपत्रहरु आफ्नै मुलुकमा रहीरहनाले मुलुकको गौरव वढ्ने र सो हेर्ना देषनाले थाहाका आफ्ना मानिसहरुलाई इलम गर्नमा उत्तेजन गराई सहायता समेत दीने हुनाले.... पुस्तक ताडपत्रहरु षुरु षुरु आफ्नो मुलुकबाटवाहिर जान दिये तेसवाट हुने फाइदा आफ्ना मुलुकले उठाउन नपाई वीदेसीहरुले उठाउने भै स्वदेशको इलम र महीमा स्मेत हानी गराउने भयेकोले.... पुराना माल तस्वीर पुराना पुस्तक ताड्पत्रहरु आफ्नै मुलुकमा राषनालाई वेरीकोट छाउनीमा म्यूजियमको वन्दोवस्त हुन लागेको छ. तेस्ता पुराना माल तस्वीर पुस्तक ताड्पत्रहरु राषने दीने वेच वीषन गर्ने वारेमा अव उप्रान्तलाई तपसीलमा लेषीत्रा वमोजीमको नीयम गरिवक्सेको छ. सो वमोजीम गर्ने गर्नु भन्ने ८६ साल फाल्गुण २३ गते रोज ५ मा इश्तिहार जारी गरी वक्सेको हुनाले इश्तिहार जारी हुनु अघी १ छापे पुर्जी वमोजीम र इश्तिहार जारी गरीवक्सेका मीतीदेषीलाई इश्तिहार जारी भया वमोजीम् गराउनु भंन्ने भंसार गोश्वारा सदर जंगी कोटवाली श्री नानी मेजर मृगेन्द्र शमशेर जंगवहादुर राणाका नाउमा पनी सनद गरी वक्सेको हुनाले तिमीले पनि लेषीत्रा वमोजीम् गर्ने गराउने कां गर -----------------------------------------------*

**तपसील**

*हाम्रा मुलुकमा वनेका र आइराषेका पुराना राम्रा वढीत्रा कारीगरी भयाका धातु काठ ढुङ्गा फटीक मुगा इत्यादीको माल हातले लेषेका पुराना तस्वीर पौवाहरु सर्कारको इजाजत वीना कसैले विदेशमा आफैले निकासी गरी लैजान र नीकासी गरी लैजानेहरुलाई दीन वा वेच वीषं गर्न हुदैन. तेस्ता माल तस्वीर पौवाहरु दीन वा वेच वीक्षं गर्न मनसुवा भयो भने छाउनी म्यूजियम घरका हाकीं अफिसरद्वारा जनरल केशर शमशेर जंगवहादुर राणाकहा लगी देषाउन नीज नजरल केशर शमशेर जंगवहादुर राणाले हेरी वुझी म्यूजीयममा राषन लायेकका माल रहेछ भने राषनालाई मोल तोकी दीने छ सो मोलमा दिने इच्छा भये मोल ली दिनु. इच्छा नभय माल फर्काई आफैसंग राषनु. विदेशमा लैजाने र लैजानेलाई दीन वेच वीषं गर्न हुदैन नीज जनरलले हेर्दा नीकासी गर्न वा नीकासी गर्ने लाई दीन हुने ठहराये जती भने नीकासी गर्न हुंछ नीकासी गर्नालाई भन्सारले छोड्पूर्जी गरीदीने छ पुरानु पुरानु पोस्तक ताडपत्रहरु पनी सर्कारको इजाजत वीना कसैले वीदेश तर्फ आफैले नीकासी गरी लैजाने र नीकासी गरी लैजानेहरुलाई दीन वा वेच वीषं गर्न हुदैन. तेस्ता पुस्तक ताडपत्रहरु दीन वा वेच वीषं गर्न मनसुवा हुनेले वीर लाइव्रेरी घण्टा घर पुस्तक खानाका हाकीं द्वारा डाइरेक्टर पव्लिक इन्सट्रक्सनले हेर्दा सो लाइव्रेरीमा राषन लायकको ठहरियो भने जनरल केशर शमशेर जंगवहादुर राणाकाहा पठाइदिने छ. नीज जनरलले सो पुस्तक हेरी मोल तोकिदिने छ सो मोलमा दिने इच्छा भये मोल ली दिनु. इच्छा नभये लाइव्रेरीमा राषनलाई नक्कल सार्न दिई पुस्तक फर्काई लगी आफैसंग राषनु. विदेसमा लैजान र लैजानेलाई दीन वेच वीषं गर्न हुदैन. जनरल केशर सम्सेर जंगवहादुर राणाले हेर्दा नीकासी गर्न वा नीकासी गर्नेलाई दीन हुने ठहराये जती भने नीकासी गर्न हुंछ भन्ने नीज जनरलले गरीदियको नीस्सा भंसार अड्डामा ली जानु र सो नीस्सा मुताविक नीकासी गर्नालाई भंसारले छोडपूर्जी गरीदीने छ------------------------------------------------ १*

*माथी लेषीया वमोजीम् नीस्सा वा इजाजत नलीई लेषीय वमोजीम्को माल लुकी छली नीकासी गऱ्यो वा गर्न लागेको फेला पऱ्यो अथवा नीकासा गर्नालाई दीयेको वेचेको ठहऱ्यो भने तेस्तालाई दण्ड सजायको २९ नंवरको अैन वमोजीम् चुक अनुसार कडा सजाये सदर जंगी कोटवाली थानावाट हुने छ---------- २*

*देवमन्दीरहरु पुराना पाटी पौवाहरु वा जडीयेका वुट्टादार झ्याल ढोका टुडाल र अरु माल देव देवताका मूर्ती इत्यादी फुकाली वा झीकी लैजान वेचन हुदैन. कसैले लग्यो वा वीक्री गऱ्यो भने चोरीको अैन*

*वमोजीम् सजाये हुने छ. वीदेसमा नीकासी गरी लैजान वा नीकासी गर्नेलाई वेचन लायेकको ठहऱ्यो भने माथी लेषीये वमोजीम सजाये हुने छ-------------------------------------------------------३*

*देवल र पुराना पाटी पौवा भत्की वीग्री काठका वुट्टेदार राम्रा झ्याल ढोका टुडाल देव देवताका मुर्तीहरु फोरी सोही ठाउमा जडान हुन नसक्ने जती तेस्का हकदारहरुले छाउनी म्यूजीयम घरमा लैजानु र सो म्यूजीइमका हाकींले जनरल केसर सम्सेर जंग वहादुर राणालाई देषाउदा म्युजीयममा राषन लायेकको ठहरे जतीको मुनासीव माफीकको मोल मील्ने छ लीन लायेकको नठहरेको फीर्ता हुने छ .... पुस्तक ताडपत्रहरु याहा कसैसंग भयेको थाहा भै सो लाइव्रेरीका हाकींले कीन्न माग्यो भने इच्छा थाहा भै सो लाइव्रेरीका हाकींले कीन्न माग्यो भने इच्छा भया मुनासिव मोल ली सो लाइव्रेरीमा राषन दीनु वीक्री गर्ने मुनासिव मोल ली सो लाइव्रेरीका हार्कीले १ प्रती नक्कल सारी ली लाइव्रेरीमा राषन सार्न दीनु लुकायेको ठहरे मुलुकको कामंलाई रोक्ने ठहरी सजाये हुने छ----------------------------------------------४*

*सो लाइव्रेरीमा नभयको पुस्तक कसैसंग छ र वीक्री गर्न इच्छा नभय पनी सार्न सम्म दीने भयो लाइव्रेरीका हार्कीकाहा लगी देषाउनु र सारी लीनु. लायेकको ठहऱ्यो भने सो सार्न दीय वापत सो पुस्तकका धनीलाई पुस्तक ताडपत्र हेरी रु १० देषी रु १०० सम्म वक्स भै सारी ली सके पछी पुस्तक फीर्ता हुने छ. तेस्ता सारी लीन लायेकका पुस्तक ताडपत्रहरु आफूसंग नभै फलानासंग छ भनी जाहेर गर्न आउनेलाई सो जाहेरी गरे वमोजीम्को कुरा ठहरीयो भने तेस्तालाई पनी पुस्तक हेरी रु. १० देषी रु. १०० सम्म वक्स मील्ने छ------------------------------------------------------------------ ५*

इती संवत् १९८६ साल फाल्गुण २३ गते रोज १ शूभम्
स्रोतः कुमारी चोक, पो.नं. २३

**निष्कर्ष**

नेपाली कला कृतिहरुले विश्वका विकसित देशको संग्राहालयमा प्रमुख स्थान पाए तापनि त्यस्तो अवस्था नियमित रहेको खण्डमा नेपालको गौरवमय कला संस्कृतिमा गम्भीर चुनौति आउने निश्चित थियो । त्यसकारण आफ्नो परम्परा, संस्कृति एवं कलात्मक वस्तुहरुप्रति विशेष अभिरुची राखी ज्ञान आर्जनमा तल्लिन जनरल केशर शमशेर जवरा (चन्द्र शमशेरका साइला छोरा) ले कला कृतिहरुको संरक्षण गर्नु पर्ने आवश्यकता तर्फ सरकारको ध्यान केन्द्रित गराए । जसको परिणाम स्वरुप वि.सं. १९८६ सालको अन्त्यतिर प्राचीन कलात्मक वस्तु र मूल्यवान ताडपत्र एवं ग्रन्थहरुको संरक्षण गर्ने कार्यको जिम्मेवारी जनरल केशर शमशेरलाई प्राप्त भयो । सरकारले कलात्मक वस्तु र मूल्यवान ग्रन्थहरुको संरक्षण, संकलन र विदेश लानमा रोक लगाउन इश्तिहार जारी गऱ्यो । इश्तिहार अनुसार पुराना कलात्मक वस्तुहरु र मूल्यवान हस्तलिखित ग्रन्थहरु विदेश लाने वा विदेशीलाई विक्री गरेमा कडा भन्दा कडा सजायं हुने घोषणा भयो । कलात्मक वस्तुहरु छाउनी म्यूजीयममा र ग्रन्थहरु एवं ताडपत्रहरु वीर पुस्तकालयमा राख्ने प्रबन्ध मिलाइयो । जनरल केशर शमशेर जवराले पति तन, मन र धन लगाएर मूल्यवान हस्तलिखित ग्रन्थ, ताडपत्र, कलात्मक वस्तुहरु सङ्कलन गर्न कठोर परिश्रम गरे । उनले त्यस्ता वस्तुहरुको निर्यातमा प्रतिबन्ध मात्र लगाएनन् बरु बेच्न चाहने नेपालीहरुलाई उनीहरुका ग्रन्थ, ताडपत्र र कलात्मक मूर्तिहरुको उचित मूल्य दिई सङ्कलन समेत गरे । उनले निजी पुस्तकालय समेत खडा गरी हजारौं संख्यामा पुस्तकहरु राखेका थिए । त्यसैबाट केशर पुस्तकालय खडा हुन गएको थियो । उनले पुराना मूर्ति तथा अन्य कलात्मक वस्तुहरु पनि सङ्कलन गरे जसको फलस्वरुप हालको छाउनी म्यूजियमको स्थापना भयो ।